# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं मार्ग १५ गते २०१० साल [ संख्या १५

## भाग २

### अर्थमन्त्रालय (आय विभाग) को सूचना

पहाड र भित्री मधेसका बजार भंसारहरुको निमित्त समय-समयमा अर्थ-मन्त्रालयले प्रकाशित गरेको निकासी पैठारीको महसूल लिने दरबन्दीविषयमा अब उप्रान्त —

हिन्दुस्थानी सिक्काको दरबन्दी खारेज गरिएको छ। शयकडी हिसाबले महसूल लगाइएका मालहरुको महसूल लिन मोल कायम गर्दा पहिले १२५ का दरले विदेशी सिक्काको मूल्य हाम्रो सिक्कामा परिणत गरी निर्धारित भएको शयकडी हिसाबले मोहमा महसूल लगत कसी मोहरुमै महसूल कसिएको लगतबमोजिम बुझाए मोहरुमै बुझ्नू., मोहरु बुझी लिन्न भन्न हुँदैन। मोहरु बुझाउन नसकी कंरु बुझाएमा मोहरुको दरबन्दीबाट सरोबरीका दरले कंरु लिने गर्नु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

122

नाप तौल गिन्तीका हिसाबले दरबन्दी भएका कलमहरूमा पनि मोहरु बुझाए मोहरु नै बुझ्ने र कंरु बुझाए मोहरुकै दरबन्दीबाट सरोबरीका दरले कंरु लिने गर्नू।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी,—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि